नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा विभाग

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

सानोठिमी, भक्तपुर

प.सं.: ०८३।८४ (शै.गु.व्य.शा.(१))

च.नं.: ६

मितिः२०८३।०६।०२

विषय: विद्यार्थी सत्यापन तथा छात्रवृत्ति सम्बन्धमा ।

श्री संस्थागत विद्यालय,
सबै ।

उपर्युक्त सम्बन्धमा कतिपय संस्थागत विद्यालयहरूले नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्ति वितरण नगरेको तथा वास्तविक विद्यार्थी IEMIS मा अद्यावधिक नगरेको भनी विभिन्न गुनासा र उजुरीहरु प्राप्त भएको साथै सामाजिक सञ्जालमा गुनासा देखिने गरेकोमा यस विभागको ध्यानाकर्षण भएको छ । तसर्थ यस सम्बन्धमा तपसिल बमोजिम गर्नुहुन मिति २०८३।०६।०२ को निर्णयानुसार अनुरोध छ । अन्यथा प्रचलित कानुन बमोजिम हुनजाने बेहोरा समेत जानकारी गराइन्छ ।

**तपसिलः**

क) छात्रवृत्ति सम्बन्धमा

शिक्षा ऐनको दफा १६(ञ), शिक्षा नियमावलीको नियम १५१ र अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन को दफा २७ (३) मा संस्थागत विद्यालयले विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्ति सम्बन्धमा विभिन्न व्यवस्था भएको छ । तसर्थ संस्थागत विद्यालयहरूले अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन को दफा २७ (३) मा व्यवस्था भएअनुसार देहायबमोजिम छात्रवृत्ति प्रदान गरी सोको विवरण मिति २०८३ साल आश्विन मसान्तसम्म सार्वजनिक गर्ने साथै वितरण गरिएको छात्रवृत्तिको विवरण IEMIS मा रहेको Student Record भित्रको Scholarship button मा अद्यावधिक गर्नेः

(क) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत ।

(ख) पाँच सय देखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा बाह्र प्रतिशत ।

(ग) आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत ।

ख) विद्यार्थी सत्यापन सम्बन्धमा

विद्यालयमा नियमित अध्ययनरत रहेका विद्यार्थीको सङ्ख्या र विवरणसँग IEMIS मा रहेका विद्यार्थीको सङ्ख्या र विवरण फरक भएमा नियमितरुपमा अध्ययनरत विद्यार्थीको मात्र IEMIS अद्यावधिक गर्ने ।

भक्तबहादुर गोदार
(निर्देशक)

**बोधार्थः**

श्री स्थानीय तह सबै - यस व्यवस्था बमोजिमको छात्रवृत्तिको सुविधा अनिवार्य कार्यान्वयन गराउने र विद्यार्थी सत्यापन गर्ने व्यवस्था हुन ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ – स्थानीय तहसँगको समन्वयमा अनुगमन गरी यस व्यवस्था बमोजिमको छात्रवृत्ति वितरण र विद्यार्थी सत्यापन कार्यान्वयन भएको एकीन गर्नुहुन ।